प.सं.एशियन लाईफ च.नं./४६२० /२०८२/०८३ मिति: २०८२/११/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय : **१८औं बार्षिक साधारण सभाको माईन्यूट पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२/११/११ गते होटल क्लासिक सिमरा, बारामा सम्पन्न भएको आ.व.२०८१/०८२ को यस कम्पनीको १८औं बार्षिक साधारण सभाको माइन्यूट यसैसाथ संलग्न गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**संलग्न:** साधारण सभाको माइन्यूट ।

भवदीय

(प्रकाश सिंह कठायत )
**कम्पनी सचिव**

**बोधार्थ:**
१.श्री नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
२.श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।
३.श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।
४.श्री सि डि एस एण्ड क्लियरीङ लि

**एशियन लाईफ इन्स्योरेन्स कं. लि.**
एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं,नेपाल, फोन: ४५३०२७०,४५१०११५, पो ब.नं.२५९४३
इमेल: asianlife@asianlife.com.np, वेभसाइट: www.asianlife.com.np

# एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

## १८औं बार्षिक साधारण सभाको

## माइन्यूट (निर्णय) विवरण

**१. सभाको संचालन :**

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८२/१०/१८ (तदनुसार १ फेव्रअरी, २०२६) गते आइतबार बसेको संचालक समितिको २१४औं बैठकको निर्णय बमोजिम, कम्पनी ऐन २०६३ तथा पूर्व प्रकाशित सूचना अनुसार बोलाइएको यस कम्पनीको १८औं बार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठको अध्यक्षतामा निम्नानुसारको मिति, समय, स्थान र बिषयसूची उपर छलफल तथा निर्णय भई देहाय अनुसारको काम कार्यवाही सुसम्पन्न भयो ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२/११/११ गते सोमवार (तदनुसार, फेब्रअरी २३, २०२६)
स्थान : होटल क्लासिक सिमरा, बारा ।
समय : दिउसो १:०० बजे ।

**२.सूचना प्रकाशन:** कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको १८औं बार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०८२/१०/१९ गतेको अंकमा पहिलो पटक तथा सोही आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/१०/२९ गते दोश्रो पटक प्रकाशित गरिएको थियो । साथै बार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुलाई उपलब्ध गराईएको तथा शेयरधनी ज्यूहरुले उपलब्ध गराएको मोवाइल नं.मा समेत १८औं बार्षिक साधारण सभामा सहभागी हुन र लाभांश बारे SMS पठाइएको थियो । कम्पनीको बार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेभसाईटमा समेत राखिएको थियो ।

**३.छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८१/०८२ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश **५.५२६३%** (लाभांशमा लाग्ने कर समेत) ले हुन आउने रु.२७,६३,७९,८५०।९१ (अक्षरुपी सत्ताइस करोड तृसठ्ठी लाख उनासी हजार आठ सय पचास रुपैया एकानब्बे पैंसा मात्र) रकम वितरण गर्ने प्रस्ताव पारित गर्ने बारे ।

४. आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । ( हालका लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तिको योग्य हुन सक्ने ।)

**(ख) विशेष प्रस्तावहरु :**

१.आर्थिक वर्ष २०८१/०८२ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.५,००,११,५९,२०७/– को बोनस शेयर ५% ले हुन आउने रु.२५,००,५७,९६०।३५ (अक्षरुपी पच्चीस करोड सन्ताउन्न हजार नौ सय साठी रुपैंया पैतिस पैसा मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्रमा समयानुकूल आवश्यकता अनुरुप उद्देश्य थप तथा संशोधन गर्ने ।

४.कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२ र ३ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

ग) विविध

**४) उपस्थिति विवरण:**

**संचालक समितिको तर्फवाट:**

अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यू
संचालक श्री सुशान्त चाचानज्यू
संचालक श्री अच्युत राज सापकोटाज्यू
संचालक श्री सौरभ रुंगटाज्यू
संचालक श्री शिला राजभण्डारीज्यू
संचालक श्री हेम बहादुर कार्कीज्यू

**अन्य पदाधिकारीहरुबाट:**

१. प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठ
२. नायब प्रमुख कार्यकारी अधिकृत श्री होम बहादुर श्रेष्ठ
३. लेखा प्रमुख श्री मुकेश चौधरी
४. कम्पनी सचिव श्री प्रकाश सिंह कठायत
६. बीरगंज शाखा इन्चार्ज श्री सोनालाल सहनी

एसियन लाइफ इन्स्योरेन्स कं. लि.
स्था: २०६४
प्रधान कार्यालय, काठमाडौं

५. <u>**गणपूरक संख्या तथा सभाको बैधानिकता :**</u> निर्धारित मिति, समय र स्थानमा संचालन भएको १८औं बार्षिक साधारण सभामा संचालक, संस्थापक शेयरधनी, अन्य शेयरधनीहरु समेत स्वयम सहभागी शेयरधनीहरु ३३ जना र १२० जना प्रोक्सि मार्फत समेत गरी कूल १५३ जना शेयरधनीहरु र कुल **५,००,११,५९,२.०७** कित्ता शेयर मध्ये २,५७,४२,६९९ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी ५१.४७ प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीको नियम २३ अनुसार ५० प्रतिशत भन्दा बढी प्रतिनिधित्व भई तपसिल बमोजिम गणपूरक संख्या पुगेकोले कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार सभाको संचालन बैधानिक भएको घोषणा गर्नु भयो ।

**तपसिल**

**चुक्ता पूँजी रु.५,००,११,५९,२०७/–** **जम्मा शेयर संख्याः ५,००,११,५९,२.०७**

**शेयरधनीहरुको उपस्थितिः**

| उपस्थिति | **संस्थापक शेयरधनी** | | **सर्वसाधारण शेयरधनी** | | **जम्मा** | | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| | शेयरधनी | शेयर कित्ता | शेयरधनी | शेयर कित्ता | शेयरधनी | शेयर कित्ता | शेयर संख्याको % |
| स्वयं उपस्थिति | ११ | २२,९६,१७५ | २२ | १,४७,९२८ | ३३ | २४,४४,१०३ | |
| प्रोक्सी मार्फत | ५२ | १,८५,३३,३१२ | ६८ | ४७,६५,२८४ | १२० | २,३२,९८,५९६ | **५१.४७** |

जम्मा शेयर संख्या २,५७,४२,६९९

६. <u>**स्वागत मन्तव्य :**</u>

सभा संचालन पश्चात प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुको स्वागत अभिवादन गर्दै कम्पनीको बर्तमान अवस्था, लगानी विविधिकरण, बीमा बजारको समस्या र कम्पनीले भविष्यमा सामना गर्नु पर्ने चुनौती बारेमा प्रकाश पार्नु भयो । विद्यमान चुनौतिहरूको बाबजुद पनि शेयरधनीहरूको अपेक्षा अनुसारका उपलब्धीहरू (जस्तै पूँजीको संरक्षण, व्यापार वृद्धि र जवाफदेही एवं अपेक्षाकृत प्रतिफल) हासिल गर्न सक्षम भएको तथा जीवन बीमा कम्पनी बीच व्यवसायको प्रतिस्पर्धा, बीमा शिक्षाको अभावको कारणको समस्याहरु रहेतापनि समस्याको निराकरणको उपाय अवलम्बन गरी जोखिक न्यूनीकरण गर्दै लैजान संस्थागंत सुशासन, पारदर्शिता तथा जवाफदेहिता जस्ता बिषयमा बीमा ऐन, नियम तथा निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा जोड दिइने र शेयरधनीहरुलाई अधिकतम प्रतिफल दिदै जाने प्रयास रहने कुरा ब्यक्त गर्दै यस सभामा आफ्नो अमूल्य समय दिई पाल्नु भएका आदरणीय शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु, आमन्त्रित विशिष्ट अतिथीगणहरु, [ पत्रकार मित्रहरु ] कर्मचारी

साथीहरु धन्यवाद दिदै नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुयाउनु भएको प्रति कृतज्ञता व्यक्त गर्दै आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो ।

**७. बार्षिक प्रतिवेदन प्रस्तुत :**

अध्यक्ष श्री दिपक कुमार श्रेष्ठले संचालक समितिको तर्फवाट कम्पनीको बार्षिक प्रतिवेदन २०८१/०८२ सभा समक्ष प्रस्तुत गर्नु हुँदै कम्पनीले आर्थिक बर्ष २०८१/०८२ को अवधिमा शाखा, उपशाखा कार्यालय संचालन, अभिकर्ता तालिम, बीमालेख बिक्रि तथा आ.व. २०८१/०८२ को वितरण योग्य मुनाफाबाट ५ प्रतिशत बोनस शेयर र **५.५२६३%** प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर समेत) गरी जम्मा **१०.५२६३** प्रतिशत लाभांश पारित गर्न यस साधारण सभा समक्ष प्रस्ताव गरिएको व्यहोरा अनुरोध गर्दछु । नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम रु. ५ अर्ब चुक्ता पूंजी पुगी सकेको र माथि उल्लेखित ५ प्रतिशत बोनस शेयर बितरण पश्चात रु.५ अर्ब २५ करोड चुक्ता पूँजी पुग्ने भई कम्पनीको जोखिम बहन गर्ने क्षमता बढने र पूंजीगत आधार बलियो भई वित्तिय अवस्था मजबुत हुदै जाने व्यहोरा सभालाई जानकारी गराउनु भयो । कम्पनीको लगानी, भावी रणनीति र कम्पनीका शेयरधनीहरुलाई अगामी बर्ष राम्रो मुनाफा दिने वातावरण बनाउन प्रयास गर्ने बारेमा अवगत गराउनु भयो ।

**८.बिषयसूचीको जानकारी, जिज्ञासा, सुझाव एवं प्रतिउत्तर :** अध्यक्षज्यूको अनुमतीले कम्पनीका कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले १८औं बार्षिक साधारण सभाको लागि पूर्व निर्धारित तथा प्रकाशित छलफलको बिषय सूची (एजेण्डा) पढेर सभामा जानकारी गराउनु भयो र एजेण्डा माथि कम अनुसार छलफल, जिज्ञासा र सुझावको लागि आग्रह गर्नु भयो ।

**क) जिज्ञासा तथा प्रश्नहरु:**

छलफलमा सहभागि शेयरधनी महानुभावहरु :

१) श्री संजोग श्रेष्ठ

२) श्री दिनानाथ खण्डेलवाल

जिज्ञासा तथा प्रश्नहरु:

सभामा शेयरधनी महानुभावले निम्न बमोजिम जिज्ञासा एवं प्रश्नहरु राख्नु भयो ।

१) आ.व. २०७६/७७ को नगद लाभांश रू.२४,९८,३९८।५४ शेयरधनीले लिन बांकी रहेको हुँदा के कति कारणले रोकिएको हो ? सम्बन्धित क्यापिटललाई अनुरोध गरी सो लाभांश रकम शेयरधनीलाई भुक्तानी गर्न पहल गरियोस भनी सुझाव दिनुभयो ।



एशियन लाईफ इन्स्योरेन्स कं. लि. स्था:२०६४ प्रधान कार्यालय, काठमाडौं

२) श्री बीमा प्राधिकरणको वित्तीय विवरण स्वीकृति पत्रको ४ नं.मा बीमकको आ.व.को चौथो त्रैमासिकको वित्तीय विवरण र बार्षिक वित्तीय विवरणको विभिन्न शिर्षकमा दश प्रतिशत भन्दा फरक रकम देखिएको कैफियत सम्बन्धमा के हो ?

३) कम्पनीको एशियन टावर भवन निर्माण गर्ने सम्बन्धि प्रक्रिया कहाँ सम्म पुगेको छ ?

**ख)** जिज्ञासा तथा सुझावहरु समेतको जवाफः

अध्यक्षज्यूको स्वीकृती लिई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठले शेयरधनी महानुभावले राख्नु भएको जिज्ञासा एवं प्रश्नका लागि धन्यवाद दिदै जवाफ दिनु भयो । उल्लेखित जिज्ञासाको लागिः- आ.व. २०७६/७७ को नगद लाभांश रू.२४,९८,३९८।५४ शेयरधनीले लिन बांकी रहेको सम्बन्धमा यस कम्पनीको शेयर रजिष्ट्रारलाई उक्त लिन बांकी नगद लाभांश यथासिघ्र सम्बन्धित शेयरधनीहरुलाई प्रदान गर्न हरसम्भव प्रयास गर्न अनुरोध गरिएको तथा पुनः अनुरोध गर्ने कुरा व्यक्त गर्नुभयो । प्रश्न नं.२को सम्बन्धमा आ.व.२०८१/०८२ को चौथो त्रैमासिकको वित्तीय विवरण श्रवण महिनामा प्रकाशित गर्नुपर्ने र बार्षिक वित्तीय विवरण मंसिर महिनामा बीमाङ्कीद्धारा मुल्याङ्कन भई आएको हुँदा फरक देखिएको हो र यस्ता कैफियतलाई न्यूनीकरण गर्दै जाने प्रयास गर्ने जानकारी दिनु भयो । कम्पनीको एशियन टावर भवन निर्माण गर्ने सम्बन्धि प्रक्रिया कहाँ पुगेको छ भनी गरिएको प्रश्नको जवाफमा प्रमुख कार्यकारी अधिकृतज्यूले नियामक निकाय लगायत सम्बन्धित संस्थासंग छलफल भइरहेको र यसै आ.व.मा भवन निर्माण कार्य प्रारम्भ गरिने जानकारी दिनुभयो । लगानी गरिएका कम्पनीको मध्ये १ कम्पनीको IPO निष्काशन भैसकेको र अन्य केही कम्पनीको IPO निष्काशनको प्रक्रियामा रहेको अवस्थाबारे अवगत गराउनु भएको थियो ।

यस एशियन लाईफ इन्स्योरेन्स क.लि.ले आ.व.२०८१/०८२ को पौष मसान्त सम्म रु.५० अर्ब जीवन बीमाकोष खडा गर्न सफल भएको छ र आ.व.२०८०/०८१ को तुलनामा आ.व.२०८१/०८२ मा कुल व्यवसाय संकलनमा १६.८५ को वृद्धि देखिएको छ । यस गरिमामय सभामा नियमक निकाय बीमा प्राधिकरणले निर्देशन गरे बमोजिम कम्पनीको चुक्ता पूँजी रु. ५ अर्ब कायम गर्नुपर्ने प्रावधान परिपालन गर्नुपर्ने भए अनुसार हाल रू.५ अर्ब चुक्ता पूँजी पुगी सकेको छ । आ.व. २०८१/०८२ को वितरण योग्य मुनाफाबाट ५ प्रतिशत बोनस शेयर र **५.५२६३%** प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर समेत) गरी जम्मा **१०.५२६३** प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव भएको व्यहोरा जानकारी गराउँदै अन्तमा कम्पनीले लिएको लगानी रणनीति अनुरुप आगामी दिनहरुमा उचित प्रतिफल हासिल गर्ने प्रयास गर्ने कुरा व्यक्त गर्नुभयो ।

## ९. सभाको निर्णयहरु:

सभामा पूर्व निर्धारित, प्रकाशित र वितरित विषय सूचिमा भएको छलफल, सो मा व्यक्त जिज्ञासा र जिज्ञासाको जवाफ पश्चात कम्पनीका सचिव श्री प्रकाश सिंह कठायतले विषयसूचि अनुसार एक/एक प्रस्ताव पढेर सुनाउनु भए पश्चात सभामा शेयरधनी महानुभावहरुले सर्वसम्मतीबाट निम्नानुसार निर्णय गर्नु भयो ।

__सभामा प्रस्तुत प्रस्तावहरु तथा निर्णयहरुः__

__(क) सामान्य प्रस्तावहरुः__

प्रस्ताव नं.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

**निर्णय नं.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८१/०८२ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

**निर्णय नं.२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८१/०८२ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.३) संचालक समितिबाट प्रस्तावित नगद लाभांश ५.५२६३% (लाभांशमा लाग्ने कर समेत) ले हुन आउने रु.२७,६३,७९,८५०।९१ (अक्षरुपी सत्ताइस करोड तृसठ्ठी लाख उनासी हजार आठ सय पचास रुपैंया एकानब्बे पैंसा मात्र) रकम वितरण गर्ने प्रस्ताव पारित गर्ने बारे ।

**निर्णय नं.३) संचालक समितिबाट प्रस्तावित नगद लाभांश ५.५२६३% (लाभांशमा लाग्ने कर समेत) ले हुन आउने रु.२७,६३,७९,८५०।९१ (अक्षरुपी सत्ताइस करोड तृसठ्ठी लाख उनासी हजार आठ सय पचास रुपैंया एकानब्बे पैंसा मात्र) रकम वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.४) आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । ( हालका लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तिको योग्य हुन सक्ने ।)

**निर्णय नं.४) आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्सलाई रु.७,५०,०००/- (अक्षरुपी सात लाख पचास हजार) मु.अ.कर वाहेक पारिश्रमिक दिने गरी पुनः नियुक्त गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**(ख) विशेष प्रस्तावहरु :**

प्रस्ताव नं.१) आर्थिक वर्ष २०८१/०८२ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.५,००,११,५९,२०७/– को बोनस शेयर ५% ले हुन आउने रु.२५,००,५७,९६०।३५ (अक्षरुपी पच्चीस करोड सन्ताउन्न हजार नौ सय साठी रुपैंया पैतिस पैसा मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.१) आर्थिक वर्ष २०८१/०८२ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.५,००,११,५९,२०७/– को बोनस शेयर ५% ले हुन आउने रु.२५,००,५७,९६०।३५ (अक्षरुपी पच्चीस करोड सन्ताउन्न हजार नौ सय साठी रुपैंया पैतिस पैसा मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.२) उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.२) उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारेको प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.३) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्रमा समयानुकूल आवश्यकता अनुरुप उद्देश्य थप तथा संशोधन गर्ने ।

**निर्णय नं.३) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्रमा समयानुकूल आवश्यकता अनुरुप उद्देश्य थप तथा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.४) कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१, २ र ३ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन  तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.४) कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२ र ३ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) बिबिधः** बिबिध अन्तर्गत कुनै प्रस्ताव नभएको ।

एसियन लाईफ इन्स्योरेन्स क. लि. स्था: २०६४ प्रधान कार्यालय, काठमाडौं

१०) धन्यवाद ज्ञापन तथा सभा विसर्जन:

सभाको अन्त्यमा संचालक श्री अच्यूत राज सापकोटाज्यूले सभामा सहभागी भई आफ्नो अमूल्य राय, सल्लाह, मन्तब्य ब्यक्त गरी सभालाई सफल पार्नमा सहयोग गर्नु भएकोमा उपस्थित सहभागी शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्नु भयो । साथै कम्पनीको सुसंचालन र प्रगतिमा मार्ग निर्देशन दिनु हुने श्री नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत अन्य नियमनकारी निकाय तथा कम्पनीको प्रगतिमा सदा सहयोग र सद्भाव राख्नु हुने अभिकर्ता, ग्राहक वर्ग, शेयरधनी महानुभावहरु र विशेषतः कम्पनीका इमान्दार र लगनशिल कर्मचारी वर्गलाई धन्यवाद ब्यक्त गर्नु भयो । सभामा अध्यक्षज्यूले सवै शेयरधनी माहानुभावहरु, अभिकर्ताहरु, कर्मचारी वर्ग र सम्पूर्ण सरोकारबालाहरुलाई धन्यवाद दिदै दिनको २:३० बजे सभा समापन भएको घोषणा गर्नु भयो ।

द..........................
(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

द..........................
(दिपक कुमार श्रेष्ठ)
**अध्यक्ष**

एसियन लाईफ इन्स्योरेन्स कं. लि.
स्था:२०६४
प्रधान कार्यालय, काठमाडौं

**२०८२/११/११ गते सोमबार**

एशियन लाईफ इन्स्योरेन्स कं. लि.
१८औं बार्षिक साधारण सभामा पेश हुने
प्रबन्ध पत्रमा थप तथा संशोधन प्रस्ताव
तीन महले विवरण

**प्रबन्धपत्रको दफा ४(१) मा (ठ) थप, दफा ६.१ (ख) र दफा ६.१ (ग)मा हुने संशोधन**

| प्रबन्ध पत्रको दफा | हालको व्यवस्था | थप/संशोधन हुने प्रस्ताव | संशोधन औचित्यता |
|---|---|---|---|
| ४(१) | नभएको | दफा ४(१) को (ट) पछि (ठ)मा थप हुने<br>४(१) (ठ) कम्पनीले प्रचलित कानून बमोजिम सामूहिक लगानी कोष स्थापना गरी कोष प्रवर्द्धक भई सामूहिक लगानी कोष सञ्चालन गर्ने । | सामूहिक लगानी कोष स्थापना तथा संचालन गर्न समयानुकूल आवश्यक भएकोले । |
| ६.१ (ख) | ख)कम्पनीको तत्काल जारी पूँजी रु.५,००,११,५९,२०७– (पाँच अर्ब एघार लाख उन्सठ्ठी हजार दुई सय सात रुपैया मात्र) हुनेछ। सोपूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,००,११,५९२।०७ (पाँच करोड एघार हजार पाँच सय बयानब्बे दशमलव शुन्य सात) थान साधारण शेयरमा विभाजन गरिएको छ। | दफा ६.१ (ख) मा हुने संशोधन<br>ख) कम्पनीको तत्काल जारी पूँजी रु.५,२५,१२,१७,१६७।३५ (पाँच अर्ब पच्चीस करोड बाह्र लाख सत्र हजार एक सय सत्सठ्ठी रुपैया पैतीस पैंसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,२५,१२,१७१।६७ (पाँच करोड पच्चीस लाख बाह्र हजार एक सय एकहत्तर दशमलव छ सात ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | १८औं बार्षिक साधारण सभाबाट ५ प्रतिशत बोनस शेयर जारी गर्दा कम्पनीको जारी पूँजीलाई बृद्धि गर्न आवश्यक भएकोले। |
| ६.१ (ग) | ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु.५,००,११,५९,२०७– (पाँच अर्ब एघार लाख उन्सठ्ठी हजार दुई सय सात रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,००,११,५९२।०७ ( पाँच करोड एघार हजार पाँच सय बयानब्बे दशमलव शुन्य सात) थान साधारण शेयरमा विभाजन गरिएको छ। | दफा ६.१ (ग) मा हुने संशोधन<br>ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु.५,२५,१२,१७,१६७।३५ (पाँच अर्ब पच्चीस करोड बाह्र लाख सत्र हजार एक सय सत्सठ्ठी रुपैया पैतीस पैंसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,२५,१२,१७१।६७ (पाँच करोड पच्चीस लाख बाह्र हजार एक सय एकहत्तर दशमलव छ सात ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | १८औं बार्षिक साधारण सभाबाट ५ प्रतिशत बोनस शेयर जारी गर्दा कम्पनीकोचुक्ता पूँजीलाई बृद्धि गर्न आवश्यक भएकोले। |

एशियन लाईफ इन्स्योरेन्स कं. लि.
स्था: २०६४
प्रधान कार्यालय, काठमाडौं